# व्यवस्थापन परीक्षण निर्देशिका
## २०६७



नेपाल सरकार

## सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

# भूमिका

कुनै पनि राज्यको अन्तिम उद्देश्य सुशासन कायम गर्नु रहेको हुन्छ । सुशासन मार्फत् जनताका अधिकारीलाई सुनिश्चित गर्दै छिटो छरितो, निष्पक्ष, गुणस्तरीय रुपमा सेवा तथा सुविधाहरु उपलब्ध गाउनका लागि सरकारले विभिन्न ऐन, कानुन नियम, निर्देशिका, कार्यविधिको निर्माण गरी कार्यान्वयनका निम्ति आवश्यकता अनुसारका प्रशासकीय संगठनको स्थापना र व्यवस्थापन गरेको हुन्छ । राज्यको अन्तिम उद्देश्यको रुपमा रहेको सुशासन कायम गर्न सहजता प्रदान गर्ने महत्वपूर्ण माध्यम मध्येको एउटा व्यवस्थापन परीक्षण पनि हो । व्यवस्थापन परीक्षणले सुशासन स्थापनाका लागि बनेका ऐन, नियम तथा निर्देशिकाको कार्यान्वयनको अवस्था, कार्यान्वयनका क्रममा देखिएका समस्याहरुको पहिचान र सो अनुरुप ऐन, नियम तथा निर्देशिका लगायतका समग्र प्रशासन क्षेत्रको सुधारका उपायहरुको खोजी गर्न सहयोग गर्दछ । यसका अलावा प्रशासकीय संगठनमा कार्यरत कर्मचारीहरुले ऐन तथा नियमले तोके बमोजिमको कार्य गरे वा नगरेको सम्बन्धमा समेत परीक्षण गर्ने भएकोले व्यवस्थापन परीक्षण बहुआयामिक परीक्षणको रुपमा रहेको र यसले प्रशासन तथा व्यवस्थापनका समग्र पक्षको सुधारमा महत्वपूर्ण भूमिका खेल्दछ ।

निजामती सेवा ऐन २०४९ को दफा ७२ क. ले दिएको अधिकार प्रयोग गरी लोकसेवा आयोगको कार्यक्षेत्र भित्रका विषयहरु बाहेक सामान्य प्रशासन मन्त्रालयले नेपाल सरकारका विभिन्न निकायहरुमा कार्यरत निजामती कर्मचारीहरुले प्रचलित कानुन तथा अन्य प्रशासकीय नियम र कार्यविधिहरु पालन गरे/नगरेको सम्बन्धमा व्यवस्थापन परीक्षण गर्दै आएको छ । निजामती सेवा ऐनले प्रदान गरेको अधिकार अन्तर्गत रही यस मन्त्रालयले विगत एक दशक अगाडिदेखि निरन्तर रुपमा नेपाल सरकारका केन्द्रीय तथा जिल्लास्तरीय कार्यालयहरुको व्यवस्थापन परीक्षण गर्दै आएको छ । व्यवस्थापन परीक्षणको कार्यमा देखिएका केही जटिलता र प्रशासन तथा व्यवस्थापनको क्षेत्रमा आएका नविनतम परिवर्तन समेतलाई आत्मसाथ गर्दै यस कार्यलाई अझ प्रभावकारी रुपमा अगाडि बढाउनुपर्ने आवश्यकता महसुस भए बमोजिम व्यवस्थापन तथा कानुनको क्षेत्रमा आएको परिवर्तन समेतलाई आत्मसाथ गर्दै व्यवस्थापन परीक्षण निर्देशिका २०६७ निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । यो, निर्देशिकाको कार्यान्वयन पश्चात् व्यवस्थापन परक्षिणको क्षेत्र, प्रकया, प्रतिवेदन लगायतका विषयमा रहेको अस्पष्टता र जटिलताहरु न्यूनिकरण भै व्यवस्थापन परीक्षणले प्राप्त गर्न खोजेको उद्देश्य प्राप्तिमा सुनिश्चितता पाउने आशा यस मन्त्रालयले राखेको छ । यो निर्देशिकाको निर्माण तथा सम्पादनमा महत्वपूर्ण भूमिका खेल्नुभएका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

अन्तमा, कार्यान्वयनमा ल्याइएको यो निर्देशिका अन्तिम नभै शुरुवातको एक खुड्किलो मात्रै भएकोले व्यवस्थापन परीक्षणसँग सम्बन्धित सबै सरोकारवाला निकाय तथा महानुभाव तथा व्यवस्थापन परीक्षणको अध्ययनमा रुचि राख्ने अध्ययनकर्ताबाट रचनात्मक सुझाव तथा सल्लाहको अपेक्षा राख्दै सो अनुसार आगामि दिनमा सुधार गर्दै लग्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

पौष, २०६७

**बालानन्द पौडेल**
सचिव
सामान्य प्रशासन मन्त्रालय

# परिच्छेद - एक

## संक्षिप्त नाम र प्रारम्भ

*नेपाल सरकारबाट स्वीकृत*

*मिति: २०६७/७/११*

**प्रस्तावना :**

लोक सेवा आयोगको कार्य क्षेत्रका विषयहरु बाहेक नेपाल सरकारका विभिन्न निकायहरुमा कार्यरत निजामती कर्मचारीहरुबाट व्यवस्थापकीय काम कारवाही सम्पन्न गर्दा प्रचलित कानून तथा अन्य प्रशासकीय नियम र कार्यविधिहरु पालना गराई मानवीय र भौतिक श्रोत साधनको सही व्यवस्थापनद्वारा प्रशासकीय दक्षता र प्रभावकारिता अभिवृद्धि गरी सार्वजनिक व्यवस्थापनलाई नतिजामुखी बनाउन र प्रशासकीय काम कारवाहीहरु कानूनी राज्यको अवधारणा अनुसार सञ्चालन गर्न निजामती सेवा ऐन २०४९ को दफा ७२ (क) मा व्यवस्था भएको व्यवस्थापन परीक्षण सम्बन्धी कार्यलाई व्यवस्थित तुल्याउने उद्देश्यले नेपाल सरकारले यो निर्देशिका तयार गरी जारी गरेको छ ।

१.१ **संक्षिप्त नाम र प्रारम्भ** (१) यस निर्देशिकाको नाम "व्यवस्थापन परीक्षण निर्देशिका २०६७" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

१.२ **परिभाषाः**

(क) "ऐन" भन्नाले निजामती सेवा ऐन, २०४९ लाई सम्झनु पर्दछ ।

(ख) "निजामती सेवा" भन्नाले निजामती सेवा ऐन, २०४९ को दफा ३ बमोजिम गठित निजामती सेवा सम्झनु पर्दछ ।